मध्यपश्चिमाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्या :-
चलानी नं. :-
मिति :

## परीक्षा आवेदन फारम भर्ने सूचना
(मिति २०७८/०८/०५)

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार संकाय अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फारम खुलाइएको छ। सम्वन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फारम भरी बुझाउनुहोला। परीक्षा फारम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फारम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला।

| संकाय | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| मानविकी र सामाजिकशास्त्र | स्नातक | BA | प्रथम |
| व्यवस्थापन | स्नातक | BBA/BBS/BHM/BTTM | प्रथम |
| शिक्षाशास्त्र | स्नातक | B.Ed | प्रथम |
| विज्ञान तथा प्रविधि | स्नातक | BSc./ BSc. CSIT | प्रथम |

पुनश्चः

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फारम भर्न सक्नेछन्।

२) परीक्षा फारम मिति २०७८ मंसिर ०५ गते देखि २०७८ मंसिर २० गते सम्म नियमित शुल्क र २०७८ मंसिर २२ गते देखि मंसिर २४ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नु पर्ने छ।

३) सम्बन्धित क्याम्पसले मिति २०७८ मंसिर २९ गते साँझ ४:०० बजे सम्म परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नु पर्ने छ।

४) परीक्षा फारम पठाउदा परीक्षा फारम बमोजिमको विषय अनुसार छुट्टा छुट्टै वर्णानुक्रम अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण ई-कपी समेत संलग्न गरी पठाउनु पर्ने छ।

५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिने छ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन।

७) परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउदा सो वापत नियमानुसार लाग्ने रकम सम्वन्धित क्याम्पसले एकमुष्ट रुपमा जम्मा गरेको बैंक भौचरको सक्कलै प्रति पनि पेश गर्नुपर्ने छ।

२०७८-०८-०५
डा. आनन्द प्रसाद सुवेदी
परीक्षा व्यवस्थापन प्रमुख

Tel : 00977-083-523792, Web : www.muexam.edu.np, E-mail : info@muexam.edu.np

Scanned with CamScanner